९१६ — ५२९

# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

मु.नं. ५१९/२०७२/०७३
निर्णय नं. ५२९

फ्रिडम फोरम, थापाथली,काठमाडौंका तारानाथ दाहाल समेत ................................२ पुनरावेदक

विरूद्ध

कार्यकारी अधिकृत (कार्यालय प्रमुख), पनौती नगरपालिका कार्यालय, पनौती काभ्रे.............१ विपक्षी
सूचना अधिकारी, पनौती नगरपालिका कार्यालय, पनौती काभ्रे .......... ............. ...........१

विषय :-माग बमोजिमको सूचना उपलब्ध गराईएकोले लगत कट्टा गर्नु ।

फ्रिडम फोरम, थापाथली, काठमाडौंका तारानाथ दाहाल समेतले पनौती नगरपालिका कार्यालय पनौती काभ्रे समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०७।१ मा पुनरावेदन गरेको । तत् पश्चात यस आयोगको मिति २०७२।०७।१७ को आदेश बमोजिम पनौती नगरपालिका कार्यालय, पनौती, काभ्रेलाई मिति २०७२।७।२९ च.नं. ५३९ को पत्रद्वारा सूचना उपलब्ध गराउन लेखी पठाएको । प्रस्तुत सन्दर्भमा उक्त नगरपालिकाको मिति २०७२।०९।१७, च.नं. १८७७, प.सं. २०७२/०७३ को पत्र मार्फत पुनरावेदकले माग गरेको सूचना पुनरावेदकलाई प्रेषित गरी यस आयोगलाई समेत बोधार्थ उपलब्ध गराईएकोले यस सम्वन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्नु । यसको जानकारी निवेदकलाई दिनू ।

| यशोदादेवी तिम्सिना | किरणकुमार पोखरेल | कृष्णहरि बाँस्कोटा |
|---|---|---|
| (सूचना आयुक्त) | (सूचना आयुक्त) | (प्रमुख सूचना आयुक्त) |

ईति सम्वत् २०७२ साल माघ ०४ गते रोज २ शुभम् ।